# बेनीघाट रोराङ गाउँपालिका

# :yfgLo /fhkq

**खण्ड - ८** **संख्या - ६** **मितिः २०८१ पौष १६**

# efu - @

सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यविधि, २०८१

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

# :yfgLo /fhkq

**खण्ड – ८** **संख्या – ६** **मितिः २०८१ भदौ ६**

## सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/१६

**प्रस्तावनाः** रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो।पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशुपालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षति व्यहोर्दै आएका छन्। अतः कुकुरको बन्ध्याकरण र रेविज विरुद्धको खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवम् पशुधन संरक्षणमा टेवा पुराउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्य अनुरुप बेनीघाट रोराङ गाँउपालिकाको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस बेनीघाट रोराङ गाउँकार्यपालिकाको निर्णयबाट "सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यविधि, २०८१", स्वीकृत गरी लागु गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "कार्यविधि" भन्नाले सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यविधि, २०८१ सम्झनु पर्नेछ।

(ख) "कार्यक्रम" भन्नाले सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यक्रम सम्झनु पर्नेछ।

(ग) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनु पर्नेछ।

(घ) "कार्यालय" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ।

(ङ) "वडा" भन्नाले बेनीघाट रोराङ गा.पा. मातहतका १० वटै वडा सम्झनु पर्नेछ।

(च) "शाखा" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्नेछ।

(छ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्नेछ |

(ज) "संघ/संस्था" भन्नाले पशु कल्याणमा संलग्न संघ/संस्था र भेटेरिनरी क्लिनिकलाई सम्झनु पर्नेछ |

**३. उद्देश्यः**

(क) यस गाँउपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ख) सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर कार्यक्रम यस गाँउपालिका तथा अन्य संघ/संस्थाको सहकार्यमा सञ्चालन गर्ने,

(ग) कुकुरको कारणले हुने सडक दूर्घटना न्यूनीकरण गर्ने,

(घ) संक्रमित जनावरको टोकाईका कारण रेविज रोगका उच्च जोखिममा रहेका पशु तथा मानिसमा हुने जोखिम न्यूनीकरण गर्न सहयोग पुर्याउने पुऱ्याउने।

## परिच्छेद-२

**४. कार्यक्रम सञ्चालन प्रकृया :**

४.१ सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यक्रम तोकिएको स्थानमा पशु कल्याणमा संलग्न संघ/संस्था वा भेटेरिनरी क्लिनिकलाई यो कार्यक्रम सञ्चालन गर्न दिएमा प्रचलित सार्वजानिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन संस्थाको छनौट गरिने छ ।

४.२ छनौट भएका संस्थाले सम्झौता बमोजिम तोकिएका वडामा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४.३ छनौट संस्थाले गाउँपालिकाको पशु सेवा शाखासँग समन्वय गरी कार्यक्रम गर्नुपर्नेछ ।

४.४ यस कार्यक्रममा सामुदायिक भाले तथा पोथी दुवै कुकुरको बन्ध्याकरण गरिनेछ ।

४.५ यस कार्यक्रममा सामुदायमा रहेका भाले तथा पोथी दुवै कुकुरमा रेविज खोप अनिवार्य प्रयोग गर्नुपर्ने छ ।

४.६ यस गाउँपालिकाले तोकेको कर्मचारीको सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेविज खोप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४.७ सामुदायिक कुकुरमा रेविज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर कार्यक्रम तोकिएको समय भित्र सम्पन्न गर्नुपर्नेछ ।

४.८ सम्पन्न कार्यको प्रगति प्रतिवेदन सम्बन्धित शाखा/गाउँपालिकालाई अनिवार्य रुपमा पेस गर्नुपर्छ ।

**परिच्छेद-३**

**५.विविधः**

**५.१** कार्यक्रम सम्पन्न भैसकेपछि प्रगति प्रतिवेदन, फोटो, बिल र भुक्तानी निवेदन पेस गरेपश्चात मात्र पशु सेवा शाखाको विनियोजित बजेटबाट भुक्तानी दिइनेछ ।

**५.२** यस कार्यक्रमको अनुगमन गाउँपालिकाले कार्यक्रम सञ्चालन अवधिभर जुनसुकै बेला गर्न सक्ने छ ।

**६. प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

**७. संशोधन, बचाउ र खारेजः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधाअवरोध परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन तथा खारेज समेत गर्न सक्नेछ। यो कार्यविधिको कार्यान्वयन गर्नु सरोकारवाला सबैको कर्तव्य र जिम्मेवारी हुनेछ ।

आज्ञाले
नर्बदा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत